# शैलुङ गाउँपालिका दोलखा
# बागमती प्रदेश दोलखाको
# नवौं गाउँसभामा
# प्रस्तुत नीति, कार्यक्रम तथा बजेट वक्तव्य,२०७८

**मिति १० असार, २०७८**

**शैलुङ गाउँपालिकाको नवौ गाउँसभाका**
**अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरू एवं**
**उपस्थित सम्पूर्ण कर्मचारीज्यूहरू!!!**

१) शैलुङ गाउँपालिका दोलखाको यस ऐतिहासिक नवौं गाउँसभामा आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु भन्दा अगाडि सर्वप्रथम संघीय लोकतान्त्रिक समावेशी गणतन्त्रात्मक नेपाललाई यो अवस्था सम्म ल्याउनका लागि प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण व्यक्त गर्दछु । जनताको सेवा गर्दागर्दै कोरोना महामारीका कारण मृत्युवरण गर्नु हुने बागमती प्रदेश सभा सांसद माननीय स्वर्गीय पशुपति चौलागाई, शैलुङ गाउँपालिका वडा नं. ७ का वडाध्यक्ष स्वर्गीय धावा वाङ्गेल लामा र वडा नं. ८ का सदस्य स्वर्गीय शोम्बा शेर्पा लगायत देश निर्माणका खातिर अमूल्य जीवन सिंचित गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । सम्पूर्ण बिरामी संक्रमितहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

२) निकै अप्ठ्यारा परिस्थितिलाई छिचोल्दै शैलुङ गाउँपालिका दोलखालाई यो अवस्था सम्म ल्याई पुऱ्याउन योगदान गर्ने सरोकारवाला सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

३) अनेकौ अभाव, सिमितता र चुनौतीहरू पार गर्दै विगत चार वर्षमा संस्थागत क्षमता विकास, सु-शासन, समग्र व्यवस्थापन लगायतका कामहरूमा उल्लेख्य सुधार गर्दै शैलुङ गाउँपालिका दोलखा न्याय र समृद्धिको दिर्घकालिन बाटोका बलिया आधारहरू निर्माण गर्दै अघि बढीरहेको छ ।



Website: www.shailungmun.com.np
E-mail : ito.shailungmun@gmail.com

४) प्रदेश र संघको निर्वाचन, भुकम्प पछिको चौतर्फी पुननिर्माण, कोरोना भाइरसको महामारी, राष्ट्रिय राजनीतिक अस्थिरता, विकास निर्माण र सु-शासन प्रतिको गलत बुझाई सिमित स्रोत र सामर्थ्य जस्ता अनेकौ समस्याहरूको समाधान गर्दै शैलुङ गाउँपालिका दोलखा बागमती प्रदेशको उत्कृष्ट गाउँपालिका र स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) मा देश भरिकै गाउँपालिकाहरू मध्ये प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

५) विश्व कोरोना महामारी (कोभिड-१९) का कारण आक्रान्त छ । लाखौ मानिसहरूले ज्यान गुमाईरहेका छन् । नेपालमा पनि हजारौं स्वजनहरूले जीवन गुमाउनु परेको छ । शैलुङ गाउँपालिकाका झण्डै एक दर्जन नागरिकहरूको ज्यान गएको छ भने सयौंजना संक्रमित भई उपचार गराइरहनु भएको छ भने देशको अर्थ व्यवस्था डामाडोला हुन पुगेको छ ।

६) अनेकौं बाधा अप्ठ्याराहरू हुँदाहुँदै पनि स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात गरिएका महत्वपूर्ण कामहरूलाई समीक्षात्मक रूपमा उल्लेख गर्ने हो भने मुडे-बाघखोर-ढुङ्गे सडक र बाघखोर-फस्कु-भैसे सडक कालोपत्रे गर्नेगरी ठेक्का लागेका छन् । कोल्ड स्टोर निर्माण भइरहेको छ । शैलुङ गाउँपालिका अस्पताल लगायत ६ ओटा स्वास्थ्य चौकीहरू बनिरहेका छन् । गाउँपालिका भवन लगायत ५ ओटा वडा कार्यालयका भवनहरू तयार भइसकेका छन् । झण्डै ३०० कि.मि. थप ७ मिटर चौडा कच्ची सडक डि.पि.आर. सहित तयार भएका छन् । शैलुङ खेल मैदान लगायत एक दर्जन साना खेल मैदानहरू तयार भएका छन् । भुकम्प पछिको पुननिर्माण अन्तिम अवस्थामा पुगेको छ । कृषि, पशुपालन, पर्यटन, विद्युतीकरण, सिँचाइ, सञ्चार लगायतका क्षेत्रमा धेरै कामहरू थप भएका छन् । कालापानी- शैलुङ मिनिग्रेटवाल निर्माणको काम शुरू हुने चरणमा प्रवेश गरेको छ । यस्तै गाउँपालिका स्तरीय र वडा स्तरीय सयौ आयोजनाहरू सम्पन्न गरिएका छन् । कर्मचारी व्यवस्थापन र आवश्यक कानून निर्माण गरी जनताको सेवा प्रवाहमा धेरै प्रगति हासिल भएका छन् । यस्ता अनेकौं महत्वपूर्ण कामहरूले हामीलाई सधै सम्झि रहनेछन् ।

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न गइरहेको छु ।

## आर्थिक बर्ष २०७८/०७९ यो बजेटका उदेश्यहरू :

- संक्रामक लगायत सबै प्रकारका रोग र विपद्बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने ।
- उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गर्दै गाउँपालिका बासीको आवश्यक्ता परिपूर्ति गरी समृद्धि हासिल गर्ने,

- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास एवं सुशासन प्रवर्द्धन गरी "सर्वत्र वैभव, सभ्यता र स्वाभिमान; जनजनको पौरख शैलुङको निर्माण" भन्ने मूलनारालाई साकार पार्न योगदान गर्ने ।

**७.** बजेटका उद्देश्यहरू हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :

१) कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचार एवं भविष्यमा आउन सक्ने यस प्रकारको महामारी विरूद्ध लड्न स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउदै स्वास्थ्य पूर्वाधार विकास, जनशक्तिको क्षमता अभिवृद्धि र स्वास्थ्य वीमाको विस्तार,

२) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने विषय,
३) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्र,
४) उद्यमशीलताको विकास,रोजगारी सिर्जना, जनताको जीवन स्तर वृद्धि र गरिवी न्युनीकरण,
५) स्थानीय सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने भौतिक पूर्वाधार विकास, सडक सञ्जाल तथा सामाजिक विकास,
६) स्थानीय स्रोत साधन,श्रम, सीप र प्रविधिको उपयोगमा जोड,
७) पर्यटन पूर्वाधारको विस्तार तथा सम्पूर्ण पर्यटन क्षेत्रको पुनरूत्थान र प्रवर्धनका आयोजनाहरू,
८) शिक्षा, स्वास्थ्य,खानेपानी र सरसफाईमा विशेष सुधार,
९) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
१०) दिगो विकास, वातावरण संरक्षण,जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने,
११) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने,
१२) आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुर्‍याउने,
१३) शैलुङ गाउँपालिकाको मौलिकता,ऐतिहासिक तथा साँस्कृतिक धरोहरहरूको संरक्षण, स्थान विशेषको संस्कृति र पहिचान प्रबर्द्धन,
१४) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरू,
१५) लैंगिक समानता,लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तर सम्बन्धित विषयहरू,
१६) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान,
१७) संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता प्रबर्द्धन,

अब म आगामी आर्थिक बर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**८. नीति तथा कार्यक्रमहरू :**

**कोरोना संक्रमण रोकथाम र स्वास्थ्य प्रणालीमा सुधारः**

१) कोरोना महामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्यूनीकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार विकास, औषधी एवं उपकरण र दक्ष चिकित्सक एवं स्वास्थ्यकर्मीको सेवा विस्तार गर्न उच्च प्राथमिकता दिई स्वास्थ्य क्षेत्रलाई सुधार गरिनेछ ।

२) कोरोना संक्रमणलाई विस्तार हुन नदिनका लागि उच्च जोखिमयुक्त क्षेत्रमा स्वास्थ्य परीक्षण सहितको थप क्वारेन्टाईन स्थापना गर्न, भरपर्दो उपचार सेवा प्रवाह गर्न र नागरिकमा सिर्जना भएको मनोवैज्ञानिक त्रासलाई सम्बोधन गर्न आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

३) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै गाउँपालिकाबासीको पहुँच सुनिश्चित गर्न सुविधा सम्पन्न शैलुङ अस्पताल निर्माण कार्य गरिनेछ । गाउँपालिकाभित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ केन्द्रहरूलाई थप व्यवस्थित गरिनेछ । साथै कोभिड अस्पताल सञ्चालन गरिनेछ ।

४) "निरोगी र स्वस्थ शैलुङ गाउँपालिका" अभियान सञ्चालन गरिनेछ । यसका लागि सुदृढ स्वास्थ्य सेवाका अतिरिक्त स्वच्छ र सन्तुलित आहार, शारीरिक व्यायाम, सरसफाई सहितको स्वस्थ जीवनशैली अवलम्बन गर्न प्रोत्साहित गरिनेछ । रोग प्रतिरोधात्मक क्षमता बढाउन तथा मानसिक स्वास्थ्य सम्वर्द्धन गर्न सामुदायिक संघ संस्था समेतको सहभागितामा आरोग्य केन्द्र, व्यायमशाला र योग केन्द्रको सञ्चालन गरिनेछ ।

५) महिला स्वास्थ्य स्वयंसेविका समेतको परिचालन गरी कोरोना सचेतना, सरसफाई, स्वस्थ जिवन अभिबृद्धि र स्वास्थ्य वीमाको अभियान चलाइनेछ ।

६) गाउँपालिका भित्रका सबै सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन र नियमन गरी बाह्रै महिना गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गरिनेछ ।

**९) राहत तथा सहुलियतः**

१) कोरोना रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी खर्च व्यवस्थापनको लागि यस गाउँपालिका कार्यालयको मातहतमा रहेको "कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा रू. ६० लाख थप गरी कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। खर्च हुन नसकेका जुनसुकै बजेट शिर्षक रकमान्तर गरी कोरोना रोकथाम तथा न्यूनीकरण गर्न खर्च गर्ने नीति लिइनेछ।

२) कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणको लागि अवलम्बन गरिएको कदमको कारण दैनिक जनजीवनमा परेको प्रतिकूल प्रभावलाई सहज तुल्याउन गाउँपालिकाले ल्याएको तत्काल राहतका कार्यक्रमलाई संक्रमण जोखिम रहँदासम्म निरन्तरता दिइनेछ।

३) शैलुङ गाउँपालिकामा यस आ.व. भित्रै १५ शैयाको अस्पताल निर्माण गरिनेछ।

४) कोरोना प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिकको लागि न्यूनतम ज्यालाको एक चौथाई बराबरको खाद्यान्न राहत स्वरूप प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई "कामका लागि खाद्यान्न कार्यक्रम संग जोडिनेछ"।

५) गाउँ कार्यपालिकाको निर्णयानुसार कोरोना संक्रमणबाट प्रभावित देहाय बमोजिमका व्यक्ति तथा पदाधिकारीलाई यस गाउँपालिकाको "कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष" बाट देहाय बमोजिमको सहायता रकम उपलब्ध गराउने व्यवस्थालाई आगामी आर्थिक बर्षमा समेत निरन्तरता दिईनेछः

क) शैलुङ गाउँपालिकाभित्र स्थायी बसोबास भएका नागरिक र कर्मचारीहरूलाई कोभिड-१९ पोजेटिभ भई पि.सि.आर. एन्टीजिन टेस्ट रिर्पोटमा ठेगाना शैलुङ गाउँपालिका उल्लेख गरी पेश गरेमा पोषण भत्ता प्रतिदिन रू. ५००।- का दरले एक पटकका लागि प्रतिव्यक्ति एकमुष्ठ रू.७,०००।-(सात हजार) र एम्बुलेन्स भाडा खर्च एक तर्फी उपलब्ध गराइने नीति लिइनेछ।

ख) कोरोना रोकथाम तथा नियन्त्रण कार्यमा संलग्न शैलुङ गाउँपालिकाका गाउँपालिका स्तरीय र वडा स्तरीय स्थानीय समन्वय समितिका पदाधिकारी, कर्मचारी, इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी र विरामी ओसार्ने कार्यमा प्रयोग हुने सवारी साधन वा एम्बुलेन्सको चालक र शैलुङबासीलाई कोरोना भाइरस रोग लागी मृत्यु भएमा निजको परिवारलाई अन्त्यष्ठी खर्च वापत प्रतिव्यक्ति रू. १५,०००।- (पन्ध्र हजार) का दरले राहत उपलब्ध गराइनेछ।

**१०) श्रम तथा रोजगारी :**

१) मर्यादित काम र आदर्श श्रम सम्बन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिवृद्धि गर्दै सबै शैलुङबासीलाई काम र रोजगारीको अवसर सिर्जना गर्ने तर्फ कार्यक्रम तय गरेको छु । कोरोनाको कारण स्वदेश तथा विदेशमा रहेका नागरिक समेतको रोजगारीमा असर परेको तथ्यलाई मनन गरी गाउँपालिका भित्र कृषि, पशुपन्छी, वन, घरेलु उद्योग र पर्यटनका क्षेत्रमा काम र रोजगारीका थप अवसरहरू सिर्जना गर्ने तर्फ बजेट केन्द्रित गरेको छु ।

२)"आफ्नो शैलुङ आफैं बनाउँ" को भावना अनुसार गाउँपालिकाबाट विकास निर्माणका श्रममूलक सामाजिक तथा भौतिक विकास आयोजनामा विपन्न परिवारलाई निर्माण उपभोक्ता समितिमा समावेश गरी "कामका लागि खाद्यान्न कार्यक्रम" सञ्चालन गरिनेछ ।

३) शैलुङ गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई श्रम सूचना बैंकको रूपमा समेत विकास गरिनेछ । निजी क्षेत्रका उत्पादनशील उद्योग समेतलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न आवश्यक तालिम दिने व्यवस्था गरिनेछ । यसबाट सीपयुक्त रोजगारी प्रबर्द्धन हुने अपेक्षा गरेको छु ।

४) वन पैदावारमा आधारित उद्यम, कृषि, वन नर्सरी स्थापना तथा वृक्षारोपण, संरक्षित क्षेत्र, जडीबुटी उत्पादनलाई प्रोत्साहित गरी रोजगारीको थप अवसर सिर्जना गरिनेछ ।

५) बहुसंख्यक युवाहरू वैदेशिक रोजगारमा निर्भर रहेको वर्तमान सन्दर्भमा ती युवाहरूलाई स्वदेशमा नै स्वावलम्बी बन्नका लागि रोजगारमूलक कार्यक्रम एवं आय आर्जन तर्फ आकर्षित गर्ने वातावरण सिर्जनाका लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको ब्यवस्था मिलाएको छु ।

**११) सामाजिक सुरक्षा, नागरिक संरक्षण र लक्षित समूह विकास :**

१) सामााजिक न्याय कायम गर्न सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ बनाईनेछ । सरकारको सामाजिक सुरक्षा कार्यक्रमबाट कोही पनि लाभग्राही बञ्चित नहुने गरी प्रभावकारी रूपमा बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२) आर्थिक रूपले विपन्न जेष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षणमा विशेष ध्यान दिईनेछ ।

३) जेष्ठ नागरिकको सम्मान र अनुभव आदान प्रदानको लागि आवश्यक व्यवस्था मिलाएको छु । शैलुङ गाउँपालिकामा सदाका लागि बालश्रम अन्त्य, सडक बालबालिका मुक्त बनाई

बालबालिकाको खेलकुद, मनोरञ्जन तथा शारीरिक र मानसिक विकासका लागि बाल उद्यान, पुस्तकालय निर्माण गरिनेछ।

४) शैलुङ गाउँपालिकाका सबै वडालाई बालमैत्री वडा घोषणा गरी शैलुङ गाउँपालिकालाई बाल मैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ।

५) बजेट, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र लाभको वितरणमा सबै वर्ग, लिंग, समुदायको न्यायपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

६) महिला विरूद्ध हुने सबै किसिमका सामाजिक भेदभाव, शोषण र हिंसा अन्त्य गरिनेछ। बालविवाह, बहुविवाह, जातीय छुवाछुत, अनमेल विवाह, सामाजिक कुप्रथा, कुसंस्कार, अन्याय, विभेद र अन्धविश्वास अन्त्य गर्न गैरसरकारी तथा सामुदायिक क्षेत्र समेतको सहभागितामा सामाजिक जागरण, साँस्कृतिक सुधार र सचेतना अभियानका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७) गम्भीर प्रकृतिका रोग लागेका शैलुङ गाउँपालिकाका नागरिकहरू, विपद्/जोखिममा परेका व्यक्तिहरू र प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू, असल छोरी बुहारीहरूलाई सम्मान तथा सहयोग गर्ने नीति लिइनेछ।

८) भौतिक पूर्वाधारलाई अपाङ्गमैत्री बनाइनेछ। अपाङ्गता भएका व्यक्तिको मनोबल बढाउन शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक गतिविधिमा सम्मान जनक पहुँच स्थापित गरिनेछ।

**१२) कृषि तथा पशुपन्छी विकासः**

१) कोरोना महामारीको कारण उत्पन्न भएको चुनौति र अवसरलाई सम्बोधन गर्न कृषिमा श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण, यान्त्रिकरण र आधुनिकीकरण गरी काम र रोजगारी सिर्जना गरिनेछ।

२) कृषि क्रान्तितर्फ उन्मुख हुन कृषि भूमिको अधिकतम उपयोग गर्दै बालीको सम्भावनाको आधारमा सहकारी, सामुदायिक तथा निजी फर्म मार्फत ठूलो परिमाणमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ। दुध, तरकारी, फलफुल र मासुजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर हुने गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। गरिब विपन्न तथा साना किसानलाई लक्षित गरी कृषि उद्यम प्रवर्द्धनको लागि ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि सिँचाई, मल, बीउ, पूँजी, भण्डार, प्रविधि र बजार सुनिश्चित गरिनेछ।

३) किसानलाई गुणस्तरीय र उन्नत जातको बीउ उपलब्ध गराउन बालीको उन्नत जात विकास गर्दै बीउको गुणस्तर परीक्षणलाई विस्तार गरिनेछ । कृषि उपज संकलन एवं भण्डारण गर्न निर्माण शुरू भएको कोल्ड स्टोर सञ्चालनको लागि आवश्यक कानून निर्माण गरी आगामी आर्थिक बर्ष देखि सञ्चालनमा ल्याइनेछ । कृषि उपजको बजारीकरण गर्न शैलुङ गाउँपालिकामा बजार पूर्वाधार निर्माण गरिनेछ ।

४) कृषि बाली तथा पशुपन्छी बीमाको दायरा विस्तार गरी जोखिम न्यूनिकरण गर्न बीमा प्रिमियम अनुदान उपलब्ध गराइनेछ ।

५) फलफूलका बिरूवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । कृषकलाई व्यवसायिक पशुपन्छी पालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रमलाई प्रोत्साहन, घाँस खरिद तथा खेती, बृहत्त चरी चरन क्षेत्र विकास तथा गुणस्तरीय पशु स्वास्थ्य सेवाको विस्तार गरिनेछ । खेतीयोग्य जमीन भएका सबै वडामा किसानलाई सूचीकृत गरी कृषि तथा पशु सेवाको आधारभूत प्राविधिक सेवा तथा टेवा दिन कृषि तथा पशु सेवा प्राविधिक परिचालन गरिनेछ ।

६) प्रत्येक वडामा कम्तिमा १ वटा कृषि उपज संकलन केन्द्र तथा शीत भण्डार निर्माण प्रारम्भ गरिनेछ । कृषकहरूको क्षमता अभिबृद्धि गरी उत्पादकत्व बढाउन प्रोत्साहन एवं साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

**१३) सिँचाईः**

१) सिँचाई प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गरिनेछ । आवश्यक्तानुसार साना सिंचाई, प्लास्टिक पोखरी निर्माण, रिचार्ज पोखरी निर्माण, मूल संरक्षण र विकास, कूलो निर्माण तथा बर्षातको पानी संकलन गरी सिचाँई सुविधा प्रवर्द्धन गरिनेछ । ठूला सिचाँई आयोजना कार्यान्वयनको लागि प्रदेश सरकार र संघीय सरकार समक्ष सिफारिश गरी पठाईनेछ ।

**१४) भूमि तथा सहकारी :**

१) कोरोना महामारीका कारण ग्रामीणमुखी हुन थालेको जनजीवन र बैदेशिक रोजगारीबाट युवाहरू फर्कने अवस्थालाई अवसरको रूपमा लिई कृषि कार्य गर्न चाहनेको भूमिमा पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गरिनेछ । जमीन लिजमा लिई उत्पादन गर्नेलाई प्रोत्साहन गरिनेछ ।

२) गाउँपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक एवं पर्ती जग्गाहरूको तथ्याङ्क यकिन गरी होटल तथा सार्वजनिक भवनहरू निर्माण गर्न र सेवा शुल्क लिई उत्पादन कार्यमा प्रयोग गर्न दिने नीति लिईनेछ ।

३) विगत द्वन्द्वका कारणले नापी नक्सा नस्ट भएका निजी जमीन, सार्वजनिक जमीन, पर्ती ऐलानी जमीन, सामुदायिक वन क्षेत्र, वडा तथा गाउँपालिकाको सीमा क्षेत्र यकिन गराउन सम्बन्धित निकायमा पहल गरिनेछ । सुकुम्बासीको पहिचान, अभिलेख व्यवस्थापन, जीविकोपार्जन तथा बसोबास सम्बन्धी आवश्यक व्यवस्था गरिनेछ ।

४) उत्पादनका साधनहरूको सामुहिकीकरण, स्थानीय स्रोतको परिचालन र आर्थिक, सामाजिक रूपान्तरणबाट सामाजिक न्याय सहित द्रुत विकास गर्न सहकारी क्षेत्रलाई परिचालन गरिनेछ । सहकारी संघ, संस्थालाई घरेलु तथा साना उद्यमको प्रवर्द्धन, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन एवं गरिवी निवारण सम्बन्धी कार्यक्रममा प्रोत्साहित गरिनेछ । सहकारीको माध्यमबाट कषि सामग्री, पूँजी, प्रविधि र बजारमा कृषकको सहज पहुँच सुनिश्चित गरिनेछ ।

५) सहकारी क्षेत्रको सिद्धान्त, मूल्य मान्यतासँग तादम्यता हुने गरी सहकारी अभियानलाई अघि बढाउन संस्थागत क्षमता वृद्धि, नियमन र सुशासन प्रवर्द्धन गरिनेछ ।

६) गरिब, विपन्न, शैक्षिक बेरोजगार र वैदेशिक रोजगारी बाट फर्केका युवालाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रेरित गरिनेछ ।

७) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई एक अर्कामा गाभिन तथा नविन प्रविधिको प्रयोग बढाउदै नगद रहित कारोबार गर्न प्रेरित गरिनेछ ।

८) सहकारी क्षेत्रको प्रवर्द्धन गरी स्थानीय उत्पादन बढाउन जोड दिइनेछ । उत्पादन सहकारी, यातायात सहकारी, पर्यटन सहकारी, शैक्षिक सहकारीको निर्माणमा प्रोत्साहन गर्दै सहकारी मार्फत गरीबी निवरणमा योगदान गरिनेछ ।

## १५) वनः

१) वन उपभोक्ता समूहसँगको सहकार्य र समन्वयमा वन संरक्षण, वृक्षारोपण, वन विविधीकरण, भू-क्षय नियन्त्रण, उद्यान निर्माण, खाली तथा सामुदायिक वनमा जडिबुटी प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरी वन, वातावरण तथा भू-संरक्षणलाई प्रभावकारी बनाईनेछ ।

२).शैलुङ गाउँपालिकाको केन्द्र वरिपरि सल्लोका रूख विरूवा विस्थापित गरी चौडापाते विरूवा र फलफूलको विरूवा रोपण गरी हरियाली कायम गर्ने नीति लिइनेछ ।

३) कालापानी र नादानखर्क डाँडा वरिपरिको क्षेत्र भित्र वनस्पती उद्यान, पार्क, बगैचा निर्माण गर्ने नीति लिइनेछ ।

४) कालापानी र नादानखर्क वरिपरि क्षेत्रको पार्यावरणलाई संरक्षण गर्न कोहि कसैले पनि ढुङ्गा, माटो, काठ, दाउरा, जडीबुटी आदिको प्रयोग, संकलन तथा विक्री वितरण गर्न नपाइने नीति लिई कडाइका साथ कार्यान्वयन गरिनेछ।

५) शैलुङ गाउँपालिका वडा नं. ८ मा विज्ञान पार्क निर्माणका लागि पहल गरिनेछ।

**१६) पर्यटनः**

१) अद्वितीय पर्यटकीय केन्द्र शैलुङ क्षेत्र र चर्णावती धाम साथै गाउँपालिकाका अन्य महत्वपूर्ण पर्यटकीय स्थलहरूको विकास गरी त्यहाँ सम्म पुग्ने पैदल मार्ग निर्माण, होमस्टे, साहसिक खेलकुदको प्रचार-प्रसार गरी पर्यटनलाई समृद्धी संग जोड्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२) शैलुङ कालापानी क्षेत्रमा ठूला पर्यटकीय पूर्वाधार विकास गरिनेछ। निजी क्षेत्र समेतको सहभागितामा पर्यटक आकर्षण गर्ने मौलिक संस्कृतिको विकास र प्रवर्द्धन गरिनेछ। कालापानीमा पर्यटकीय ग्रम निर्माणका लागि कम्तिमा २० परिवारहरूलाई होटल व्यवसाय सञ्चालनको लागि खाली जमिन ३० वर्षको लागि लिजमा उपलब्ध गराइनेछ।

३) कोरोना संक्रमणको जोखिम नियन्त्रण हुनासाथ पर्यटन क्षेत्रलाई शीघ्र पुनर्स्थापित गर्न पर्वतीय, कृषि, ग्रामीण, सांस्कृतिक मनोरञ्जन, खेल, स्वास्थ्य तथा पर्या-पर्यटन लगायतका नयाँ पर्यटकीय सेवा विस्तार गर्न आवश्यक पूर्वाधार विकास गरिनेछ। पर्यटन क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन पर्यटक सूचना व्यवस्थापन प्रणाली निर्माण र लागू गर्ने नीति लिइनेछ।

४) शैलुङ क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न आगामी आ.व. २०७८/०७९ मा मिनि ग्रेटवाल निर्माण कार्यलाई सुरूवात गरी गाउँपालिका स्तरीय गौरवको आयोजनाको रूपमा विकास गरिनेछ।

५) आन्तरिक पर्यटक प्रबर्द्धन गर्न गाउँपालिकामा कार्यरत कर्मचारीलाई १० दिनको खर्च सहित भ्रमण काजमा पठाइनेछ।

**१७) उद्योग, वाणिज्य, आपूर्ति, वित्तीय क्षेत्र तथा निजी लगानी :**

१) गाउँपालिका केन्द्र आसपासमा औद्योगिक ग्राम स्थापनाका लागि पहल गरिनेछ। प्रत्येक व्यक्तिलाई उत्पादन संग जोड्न कृषि, पशुपालन, वन, जडिबुटी , खनिज पदार्थ, पर्यटन, प्राकृतिक स्रोतमा आधारित भएर सीपमूलक लघु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ।

२) हाट बजार सञ्चालन, कोल्ड स्टोर निर्माण, कृषि बजार निर्माण, प्रदर्शनी, मेला जस्ता आर्थिक गतिविधि बढाउँदै जनताको समृद्धि बढाउने कार्यक्रमरू सञ्चालन गरिनेछ ।

३) गाउँपालिका भित्रमा सम्भावित बजारहरूलाई व्यवस्थित गर्दै नियमित अनुगमन गरी अनुचित मूल्य वृद्धि, कृत्रिम अभाव तथा तथा कालोबजारी नियन्त्रण गर्ने व्यवस्था गरी गुणस्तर परीक्षण उपभोक्ता हित संरक्षणमा पर्याप्त ध्यान दिईने छ ।

४).शैलुङ गाउँपालिकाको बृहत हितलाई ध्यानमा राखी विभिन्न संघ-संस्थाहरू, गैर-सरकारी संस्था, दातृ निकाय, निजी लगानीकर्ताहरूलाई आकर्षित गरी "लगानीमैत्री शैलुङ गाउँपालिका" बनाइनेछ ।

५). "जनताको समृद्धि अभियान" अन्तर्गत कृषि, पशुपालन, पर्यटन क्षेत्रमा सरकारी, सहकारी, निजी क्षेत्रको समन्वय तथा सहकार्यमा गाउँपालिकाको तर्फबाट थप लगानी सुनिश्चित गरिनेछ ।

**१८) शिक्षाः**

१) मानव पूँजी निर्माण, सामाजिक रूपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने आधारभूत र माध्यमिक शिक्षालाई उच्च प्राथमिकता दिएको छु । शैक्षिक पूर्वाधारको विकास, दक्ष जनशक्ति एवं शिक्षण सामग्रीको व्यवस्था र नवीनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चिता गरिनेछ ।

२) शैलुङ गाउँपालिकाका सबै विद्यालयहरूमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । सबै विद्यालयहरूलाई पर्याप्त पूर्वाधार सहितको सुविधा सम्पन्न विद्यालयको रूपमा विकास गरिनेछ । विद्यालयमा खानेपानी, शौचालय, खेलमैदान, घेराबार, दिवाखाजा, खेलकुद, छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण, प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय, छात्रवृत्ति जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

३) शैलुङ गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी आगामी वर्षभित्र आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

४) विद्यालयहरूको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई "सूचना प्रविधियुक्त बिद्यालय; सिर्जनशील र प्रतिभाशाली विद्यार्थी " भन्ने मान्यतालाई स्थापित गरिने कार्यलाई निरन्तरता दिईने छ । बालविकास केन्द्रलाई बालबालिकाको आराम स्थल र मनोरञ्जन केन्द्रको रूपमा विकास गरिनेछ । मातृभाषामा आधारभूत शिक्षा प्रदान गरी रहेका गुम्बा लगायतका शिक्षालयलाई आधुनिक शिक्षाको मूलधारमा आबद्ध गरिनेछ ।

५) विद्यालयका शिक्षकहरूलाई तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ । शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अभिभावकहरूको समन्वयमा नमूना विद्यालयको रूपमा विकास गर्न प्रोत्साहन गरिनेछ । अभिभावकहरूको प्रत्यक्ष नियमन र व्यवस्थापनमा विद्यालय सुधारको नीति अवलम्बन गरिनेछ ।

६) हाम्रा बालबालिका संसारमा प्रतिस्पर्धा गर्न सकुन् भन्ने भावना अनुरूप प्रविधियुक्त सामुदायिक विद्यालय बनाउनको लागि सामुदायिक विद्यालयलाई वस्तुगत सहयोग र अनुदानको ब्यवस्था मिलाइनेछ । विद्यालयमा विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

७) शैलुङ गाउँपालिका भित्र प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित सामुदायिक विद्यालयलाई निःशर्त अनुदानको व्यवस्था गरिनेछ ।

८) तामाङ भाषा लगायत स्थानीय भाषाको पाठ्यक्रम निर्माण गरी लागू गर्ने नीति लिइनेछ ।

९) विद्यालय क्षेत्र भित्र खेल मैदानको निर्माण गरी विद्यार्थीहरूको सर्वाङ्गिण विकासमा जोड दिइनेछ ।

१०) गाउँपालिकाका सामुदायिक विद्यायमा कार्यरत बालविकास विद्यालय सहायक कर्मचारी तथा विद्यालय सहयोगी कर्मचारीको तलब यथोचित बृद्धि गरिनेछ ।

**१९) संस्कृतिः**

१) विभिन्न धर्म, भाषा, साहित्य, कला, संस्कृति, रहनसहन, भेषभुषालाई शैलुङ गाउँपालिकाको सम्पत्तिको रूपमा जगेर्ना एवं सम्मान गर्दै मूल प्रवाहीकरण गरिनेछ । विभिन्न जातजातिका मौलिकताहरूको संरक्षण, सम्वर्द्धन र विकास गरी यसलाई पर्यटन संग जोडिनेछ ।

२) कला, साहित्य, भाषा, संस्कृतिको संरक्षण गर्दै सबै प्रकारका विभेदहरूको अन्त्यका लागि जोड दिइनेछ । शैलुङ गाउँपालिकालाई विभेदमुक्त उच्च सभ्यता युक्त क्षेत्रको रूपमा विकास गरिनेछ ।

३) धार्मिक, साँस्कृतिक सहिष्णुतालाई आत्मसात गर्दै सबै धर्म सम्प्रदायको संरक्षण र विकासलाई समृद्धिसँग जोड्न पर्याप्त बजेट विनियोजन गरेकोछु ।

४) शैलुङ गाउँपालिकाको कालापानीमा २० फिट अग्लो बुद्ध मुर्ति निर्माण कार्य सम्पन्न गरिनेछ ।

५) शैलुङ गाउँपालि-३ विरौटेमा निर्माण भइरहेको किराँतेश्वर महादेव मूर्ति निर्माण स्थललाई नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ ।

६) चर्णावती धाम वृद्धाआश्रम, सीताको चुलो, फस्कु गुम्बा, काली भगवती मन्दिर, गोल्माराजा गोल्मारानी मन्दिर लगायत गुम्बा , मन्दिर, माने, चर्च आदिलाई शैलुङ पर्यटकीय करिडोर संग जोडेर पर्यटकीय क्षेत्रको विकास गरिनेछ ।

**२०) युवा तथा खेलकुद :**

१) शैलुङ गाउँपालिकाका युवालाई व्यवसायिक तथा उद्यमशीलता तालिम, नव प्रवर्तन पूँजी र प्रविधिमा पहुँच तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्यमी बनाइनेछ । युवालाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्यमशीलताको विकास गरिनेछ ।

२) युवाहरूलाई लक्षित गरी लागू औषध, कुलत विरूद्ध जनचेतना कार्यक्रम संचालनका साथै अनुशासन संस्कृतिको विकास, शारीरिक तन्दुरूस्ती तथा मानसिक विकास एवं खेलकुद मार्फत शैलुङ गाउँपालिकाको पहिचान र प्रतिष्ठाका लागि खेलकुद क्षेत्रको समग्र विकास अघि बढाउन खेलकुद पूर्वाधार विकास, रंगशाला निर्माण, खेलकुद प्रतियोगिता र प्रशिक्षण कार्यक्रम सञ्चालको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । खेलकुद कार्यक्रमहरूलाई प्रोत्साहन गरी पर्यटन क्षेत्रसंग आवद्ध गर्ने नीति लिइनेछ ।

३).शैलुङ गाउँपालिका, वडा नं. ८, कालापानीमा उच्च पर्वतीय खेलकुद तालिम केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

४) शैलुङ खेल मैदानलाई शैलुङ उच्च उचाई रंगशालाको रूपमा विकास गर्दै बागमती प्रदेश र संघीय सरकार संग सहकार्य गर्दै थप व्यवस्थित बनाउने नीति लिइनेछ ।

५) गाउँपालिकाका सबै विद्यालयहरूमा स्काउट स्थापना गरी शैक्षिक वातावरणलाई सुदृढ गरिनेछ

**२१) खानेपानी, सरसफाई, वातावरण तथा उर्जा विकासः**

१) "एक घर एक धारा, सुरक्षित खानेपानी हाम्रो नारा" भन्ने अभियान सबै सरोकारवालाहरू संगको समन्वयमा लागू गरी सबै गाउँपालिकाबासीमा आधारभूत खानेपानी सेवाको पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गरिनेछ । खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान, संरक्षण र विकास गरिनेछ ।

२) सफा-सुग्घर शैलुङ गाउँपालिकाको रूपमा आम गाउँपालिकाबासीहरूले महशुस गर्ने गरी सार्वजनिक निजी साँझेदारीमा फोहोर मैला व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । बजार क्षेत्रमा आवश्यक संख्यामा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

३) शैलुङ गाउँपालिका भित्र प्लास्टिक प्रयोगमा न्यूनीकरण गर्दै हरित र प्रकृतिमैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ। "बगैचा र फूलबारी सहितको घर, सरसफाई युक्त वस्ती सुन्दर" भन्ने मान्यतालाई स्थापित गरी वैकल्पिक उर्जाको प्रयोगमा प्रेरित गरिनेछ।

४) जैविक उर्जा, वैकल्पिक उर्जा, जलविद्युत लगायतका उर्जाहरूको विकास र व्यवस्थापन गरी "उज्यालो शैलुङ" कार्यक्रम कार्यान्वनलाई निरन्तरता दिइनेछ। नेपाल विद्युत प्राधिकरण संगको सहकार्यमा विद्युत विस्तारलाई प्राथमिकता दिइनेछ।

५) शैलुङ गाउँपालिकाका सबै घरहरू वरिपरि बगैंचा निर्माण गर्न प्रेरित गरिनेछ।

## २२) सडक पूर्वाधारः

१) विकासको पूर्वाधारको रूपमा रहेको सडक सञ्जाललाई विस्तार गरी सहज आवागमन आन्तरिक आर्थिक गतिविधि विस्तार, ग्रामीण उत्पादनलाई बजारसम्मको सहज पहुँच सुनिश्चित गर्न, व्यापार सहजीकरण गर्न सुविधायुक्त र सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ।

२). शैलुङ गाउँपालिका चक्रपथ निर्माणका लागि डि.पि.आर. अनुसारको काम प्रारम्भ गर्न बागमती प्रदेश सरकारलाई अनुरोध गरिनेछ।

३) गाउँपालिकाको केन्द्र देखि वडा केन्द्रसम्म जोड्ने सबै सडकहरूको स्तरोन्नति गरी सहजरूपमा यातायातका साधनहरू चल्न सक्ने बनाउन विशेष ध्यान दिइनेछ। सबै सरकारी कार्यालयहरू सम्म सडक पहुँच विस्तार गरिनेछ।

४) अन्य स्थानीय तहहरू जोड्ने सडक, शैलुङ चक्रपथ, दुई वडाहरू तथा वस्तीहरू जोड्ने सडक र उत्पादन संग जोडिएका कृषि सडकहरू निर्माणमा विशेष ध्यान दिईनेछ।

५) गाउँपालिका भित्रका सबै सडकहरूको मापदण्ड निर्धारण गरी ढल निर्माणलाई प्रोत्साहन गरिनेछ। हरित सडक निर्माणमा जोड दिँदै अम्रिसो, बाँस, निगालो, धुपी, गुराँस लगायत जातका बिरूवाहरू सडकको दायाँबाया लगाउन वृक्षारोपण अभियान सञ्चालन गरिनेछ।

६) बागमती प्रदेश सरकारको दायित्वभित्र पर्ने मुडे-बाघखोर-ढुङ्गे सडक खण्ड तथा संघीय सरकारबाट बाघखोर-फस्कु- भैसे सडक खण्ड कालोपत्रे गरी निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

**२३) आवास, भवन तथा अन्य पूर्वाधारः**

१) गाउँपालिका भवनको बाँकी काम र अधुरो वडा कार्यालय भवनहरूको बाँकी कार्य आगामी आर्थिक बर्षभित्र सम्पन्न गरी कार्यालय भवन नभएका अन्य वडा कार्यालयको भवन निर्माणलाई प्राथमिकता दिईनेछ ।

२) गाउँपालिका भित्रका सबै निर्मित भवनहरूको अभिलेखीकरण गर्ने, नयाँ निर्माण हुने भवनहरूको नक्सा पास गर्ने कार्यलाई बाध्यात्मक बनाउने, सबै घरहरूको नम्बर कायम गरी बसोबासलाई व्यवस्थित बस्ती विकास गरिनेछ ।

**२४ सञ्चार तथा सूचना प्रविधिः**

१).संसार नै एउटै गाउँ भईरहेको वर्तमान २१ औं शताब्दीलाई आत्मसात गर्न सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाई हाम्रा प्रत्येक क्रियाकलापलाई सूचना प्रविधि युक्त बनाइनेछ ।

२) गाउँपालिकामा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई लागू गरिनेछ । सूचना प्रविधिमैत्री गाउँपालिका बनाउन योजनाबद्ध विकास गरिनेछ ।

३).नेपाल टेलिकम लगायत सञ्चार सेवा प्रदायक संस्थाहरू संग सहकार्य गर्दै गाउँपालिकाका सबै वडा कार्यालयहरू, विद्यालयहरू, स्वास्थ्य संस्थाहरूमा टेलिफोन तथा इन्टरनेट सेवा विस्तारमा जोड दिइनेछ ।

४). शैलुङ गाउँपालिकाभित्रका प्रमुख बजार क्षेत्र, पर्यटकीय स्थलहरूलाई “फ्री वाईफाई जोन” को रूपमा विकास गरिनेछ ।

५).राज्यको चौथो अंग पत्रकारिता मार्फत आम गाउँपालिकाबासीलाई प्रत्येक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले पत्रकारिता एवं रेडियो कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

**२५) न्याय प्रवर्द्धन तथा मेलमिलाप :**

१) न्यायिक समितिको न्याय सम्पादनलाई प्रभावकारी बनाउन आगामी आर्थिक बर्षमा न्यायिक समितिको इजलास एवं न्यायिक समितिको सचिवालय निर्माण सम्पन्न गरी पर्याप्त पूर्वाधारयुक्त बनाइनेछ । मेलमिलापकर्ताहरूको क्षमता विकास गरी विवाद निरूपणलाई प्रभावकारी बनाइनेछ ।

२) न्यायिक समितिको अधिकार क्षेत्र एवं विवाद निरूपण प्रक्रियाका विषयमा जनस्तरमा प्रचार प्रसार, अन्तरक्रिया, बुलेटिन, ब्रोसर प्रकाशन गरी गाउँबासीलाई न्याय प्रदान गर्ने कार्यलाई सहज र सरल बनाइ सबैको पहुँच सुनिश्चित गरिनेछ।

**२६ विपद् व्यवस्थापन :**

१) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय बनाइनेछ । विपद्को संवेदनशील क्षेत्रहरूको पहिचान, पूर्व तयारी, खोज, उद्धार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा सार्वजनिक निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य र समन्वयमा विपद् जोखिम न्युनीकरण र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

२) विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गरी विपद् व्यवस्थापनको लागि आवश्यक सामग्री तथा उपकरणको व्यवस्था गरिनेछ। विपद्बाट प्रभावितलाई सामाजिक संरक्षण प्रदान गरिनेछ।

**२७) सुशासन र सार्वजनिक सेवा प्रवाह :**

१) सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाईनेछ । गाउँपालिकाभित्रका सार्वजनिक निकायमा सदाचार संस्कृतिको विकास गरिनेछ । शासकीय प्रबन्धमा कानूनी राज्यको अवधारणालाई पूर्ण परिपालना गरिनेछ। नेपाल सरकारबाट घोषणा भएको "म भ्रष्ट्राचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा सहितको सुशासन कार्य संस्कृति प्रवर्द्धन गरिनेछ। पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई दण्ड र पुरस्कारसँग आबद्ध गरिनेछ।

२) शैलुङ गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सहज र प्रविधिमैत्री बनाइनेछ । सार्वजनिक सेवाका सन्दर्भमा नागरिकका गुनासाहरू सुन्ने र त्यसको तत्काल सम्बोधन गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्नेछ।

३) शैलुङ गाउँपालिका कार्यालयका सबै शाखा प्रमुखहरू र मातहतका सबै वडा कार्यालयका वडा सचिवहरू तथा स्वास्थ्य संस्थाका प्रमुखहरूसँग कार्य सम्पादन सम्झौता गर्ने कार्यलाई नतिजा सूचकमा आधारित बनाई सोबाट प्राप्त उपलब्धिलाई कार्यसम्पादन मूल्यांकनसँग आबद्ध गरिनेछ।

४) शैलुङ गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक थप कानूनहरू शीघ्र निर्माण गरिनेछ।

५) गाउँपालिकामा कार्यरत कर्मचारीहरूको सेवा सुविधाको सुनिश्चित गर्नका लागि "नागरिक लगानी कोषमा आबद्ध गरिनेछ।

६) स्वास्थ्य जोखिमको विद्यमान अवस्थामा आफ्नो कार्यस्थलमा अहोरात्र खटिई जिम्मेवारी पूरा गर्ने शैलुङ गाउँपालिकाका सबै कर्मचारीको योगदानको उच्च मूल्यांकन गर्दै प्रोत्साहनको व्यवस्था गरिनेछ ।

७) गाउँ कार्यपालिकालाई आफ्नो जिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि संघीय सरकार एवं प्रदेश सरकारसँग समन्वय गरी आवश्यक निर्णय लिईनेछ ।

८) गैर-सरकारी संघ-संस्थाहरू संग साझेदारी गरी परिणाममूखी काम गर्न प्रोत्साहन गरिनेछ । गैर सरकारी क्षेत्रबाट सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरूलाई गाउँपालिकाको बजेटमा अनिवार्य रूपमा समावेश गर्ने नीति लिईनेछ । गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको नियमन गरी गाउँपालिकाको अनिवार्य स्वीकृति लिने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

**२८) विविधः**

१) आन्तरिक आयमा आउने संकुचन र खर्चमा पर्न आउने थप चापलाई व्यवस्थापन गर्न आगामी बर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ ।

२) नीति निर्माण र निर्णयको लागि आवश्यक पर्ने विश्वसनीय सूचना तथा तथ्याङ्कको महत्वलाई दृष्टिगत गरी भरपर्दो तथ्याङ्क प्रणालीको विकास गरिनेछ ।

३) विकास निर्माणमा स्थानीय जनताको अपनत्व कायम गर्न प्रत्येक वस्तीमा "टोल विकास संस्था" गठन गरी स्थानीय सडकहरूको नियमित सरसफाई सानातिना मर्मत सम्भार लगायत पूर्वाधार संरक्षण र सामाजिक विकास कार्यमा सक्रिय बनाइनेछ ।

४) समाजलाई महत्वपूर्ण योगदान गर्ने वीर शहिदहरूको सम्मान तथा द्वन्द्व पिडित परिवारहरूका लागि विभिन्न कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।

५) गाउँपालिकाका गौरवका आयोजनाहरूको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटका लागि पहल गरिनेछ । राष्ट्रिय गौरवका तथा बढी लगानी लाग्ने योजनाहरूलाई प्रदेश स्तर तथा केन्द्रीय योजनाको रूपमा तयार गरी बजेट व्यवस्थापन तथा कार्यान्वयनको लागि सम्बन्धित सरकार समक्ष पठाउने व्यवस्था गरिनेछ । साथै वस्ती स्तरबाट छनौट भई आएका योजनाहरूलाई समेटेर योजना बैंक निर्माण गरी सम्बन्धित निकायमा पेश गर्ने नीति लिईनेछ ।

६) यस गाउँपालिकामा दरबन्दीमा कार्यरत सबै लोकसेवा आयोगबाट पदपूर्ती भई नियुक्ती भएका कर्मचारीहरूलाई कामकाज गरेको समय देखि नै लागू हुने गरी कर्मचारी अवकाशकोषमा समावेश गर्न आवश्यक बजेट बिनियोजन गरिने नीति लिइनेछ ।

## २९) बजेट :

**सभा अध्यक्ष महोदय,**

अब म गत आ.व. २०७६/०७७ को महालेखा परीक्षक कार्यालयको लेखा परीक्षण प्रतिवेदन अनुसार यथार्थ आय व्याय प्रस्तुत गर्न चाहन्छु ।

लेखा प्ररीक्षण प्रतिवेदन अनुसार गत आ.वा.को विनियोजित रकम रू ४८ करोड ९० लाख ४९ हजार मध्ये आन्तरिक आय, संघीय र प्रदेश सरकारबाट प्राप्त समनीकरण अनुदान, ससर्त अनुदान, अन्य अनुदान,राजस्व बाँडफाँट, धरौटी, जनसहभागिता समेत गरी कूल यथार्थ आय रू ४२ करोड ८० लाख ७९ हजार छ भने सो आय रकमबाट रू. ३६ करोड ३० लाख, ८९ हजार यथार्थ खर्च भई रू. ६ करोड, ४९ लाख, ९० हजारमौज्दात मध्ये ४ करोड ४२ लाख, २ हजार विभिन्न सशर्त शीर्षकका बजेट फिर्ता भई रू. २ करोड, ७ लाख, ८८ हजार बैक मौज्दात रहेको थियो ।

अब म चालु आ.व. २०७७/७८ को आर्थिक स्थितिको संक्षिप्त अवस्था प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालू २०७७/७८ को लागि हाल सम्म रू ५९ करोड ९९ लाख ८७ हजार संसोधित आय अनुमान रहेको छ । जसमा वित्तिय समनीकरण अनुदान संघ तर्फ रू. ११ करोड ६३ लाख, ससर्त अनुदान तर्फ रू. २१ करोड ४८ लाख, ४३ हजार, संघको विशेष अनुदान तर्फ ३ करोड ६० लाख, प्रदेश समनीकरण तर्फ रू.९९ लाख ७९ हजार, ससर्त तर्फ रू. २ करोड ९२ लाख ९९ हजार, समपूरक अनुदानतर्फ रू. १ करोड र आन्तरिक आयतर्फ रू. ९ करोड ६३ लाख आय र व्यय अनुमान गरिएको छ ।

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष ०७८/०७९ को बजेट विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१) आर्थिक विकास :** (आपुर्ति, उद्योग, कृषि, जलस्रोत तथा सिंचाई पर्यटन पशुपंक्षी, भूमी, वाणिज्य, वित्तिय क्षेत्र, सहकारी, साझेदारी आदि) तर्फ यथोचित बजेट व्यवस्थापन गरिएको छ ।

**२) पूर्वाधार विकास शाखा** : (उर्जा, पुर्ननिर्माण, विज्ञान तथा प्रविधि, भवन आवास तथा शहरी विकास ,यातायात  पूर्वाधार, सञ्चार तथा सूचना प्रविधि) तर्फ बढी प्रतिशत बजेट विनियोजन गरेको छु ।

**३). सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रः** (अनुगमन तथा मूल्याङन, कानून तथा न्याय, गरिबी निवारण तथ्याङ्क प्रणाली, प्रशासकीय सुशासन, मानव संस्था संसधान विकास, योजना तर्जुमा र कार्यान्वयन, गरिबी निवारण , वातावरण जलवायु, वित्तिय सुशासन विपद व्यवस्थापन, श्रम तथा रोजगारी शान्ति तथा सुव्यवस्था, शासन प्रणाली) तर्फ बजेटले समटिएको छ ।

**४) सामाजिक विकास अन्तर्गत :** (खानेपानी तथा सरसफाई, जनसंख्या तथा बसाई-सराइ, भाषा तथा सस्कृति, युवा तथा खेलकुद, लैगिंक समनता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य, समाजिक सुरक्षा तथा संरक्षण) तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

५) कार्यालय सञ्चाल तथा प्रशासनिक पदाधिकारी तलब भत्ता, कर्मचारी तलब भत्ता, परामर्श चालु प्रकृतिका प्रशासनिक खर्च) तर्फ बजेटले संम्बोधन गरेको छु ।

६) नेपाल सरकार र प्रदेश सरकारबाट कार्यक्रम सहित प्राप्त बजेट कार्यान्वयन हुने सुनिश्चितता गरेको छु ।

अध्यक्ष महोदय,

क) अब म आगामी आर्थिक बर्ष २०७८/०७९ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

ख) गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गरी प्रगतिशील कर प्रणाली लागू गरिनेछ । जनताबीच सेवा प्रवाह र कर राजस्वको महत्वको बारेमा जागरणका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । एकीकृत सम्पत्ति कर लागू गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिनेछ । गाउँपालिका र अन्तरगत निकायबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखा संग आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईनेछ ।

ग) उद्योगी, व्यवसायीसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीलाई करको दायरामा ल्याईनेछ । बार्षिक पाँच  लाखभन्दा बढी कर तिर्ने करदाताहरूको अभिलेख राखी निजहरूलाई विशेष रूपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।

घ) नक्सा पास नभई बनेका घरहरूलाई व्यवस्थित गर्न केहि समयको लागि नक्सा पास दस्तुर छुट गरी सबै निर्मित घरहरूको नक्सा पास गराउने नीति अबलम्बन गरिनेछ ।

ङ) कर संकलन कार्यमा संलग्न कर्मचारीहरूलाई प्रोत्साहित गर्न बार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट गाउँ कार्यपालिकाको निर्णयानुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई प्रोत्साहित गरिनेछ ।

च) बजेटमा प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक बर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरूको परिपालनाको माध्यमबाट सार्वजिनक खर्चमा हुन सक्ने अनियमितता रोकिनेछ ।

छ) आर्थिक बर्ष २०७८/०७९ को आर्थिक विधेयक, २०७८ तथा विनियोजन विधेयक, २०७८ यसैसाथ संलग्न छ ।

ज) मैले प्रस्तुत गरेको आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेटको कार्यान्वयनबाट संक्रामक लगायत सबै प्रकारका रोगबाट नागरिकको जीवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुदृढ र सबल हुने, गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, श्रम शक्तिलाई काम तथा रोजगारी सुनिश्चित हुने र सबै शैलुङबासीले गाउँपालिकाबाट सामाजिक सुरक्षा एवं संरक्षण प्राप्त गर्ने व्यस्थाबाट समुन्नत, सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने मैले अपेक्षा गरेको छु ।

झ) आगामी आर्थिक बर्ष तत्काल प्रतिफल दिने र १ बर्ष भित्र सम्पन्न हुने आयोजना एवं निर्माणाधीन अधुरा आयोजनाको कार्यान्वयनमा तीव्रता आउने, रणनीतिक महत्वका आर्थिक, सामाजिक र भौतिक पूर्वाधार आयोजनाको निर्माण कार्य अघि बढ्ने र सेवा क्षेत्र विस्तारित हुने अपेक्षा गरेको छु ।

ञ) कोरोना महामारीको प्रभाव सामान्य हुनासाथ सेवा प्रवाह र विकास निर्माण कार्यको गतिले तीव्रता लिने आत्मविश्वासको साथ बजेट तर्जुमा गरेको छु । कोरोनाको संक्रमणले सिर्जना गरेको यस संकटको घडीमा सम्पूर्ण नागरिक एकजुट भई सुखद भविष्य निर्माणका लागि उत्साहका साथ अघि बढ्न यस बजेटले प्रेरित गर्ने विश्वास लिएको छु । सबै राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था, निजी क्षेत्र तथा नागरिक समाजलाई यो उद्देश्य प्राप्ति तर्फ सहकार्यको लागि आव्हान गर्दछु ।

**अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०७८/०७९ को बिस्तृत रूपमा बजेट प्रस्तुत गर्न गइरहेको छु ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | जम्मा |
|---|---|---|---|---|
| ८०३२३५०७१०१ शैलुङ गाउँपालिका (चालु) | | | | |
| १ | अनुगमन, मूल्यांकन खर्च(कर्मचारी भ्रमण) | | | १५,००,०००.०० |
| २ | अनुगमन, मूल्यांकन खर्च(जनप्रतिनिधि) | | | ५,००,०००.०० |
| ३ | अन्तराष्ट्रिय श्रमिक, महिला दिवस, अन्तराष्ट्रिय अपाङ्ग दिवस, जेष्ठ नागरिक दिवस, वाल दिवस लगायतका दिवस समारोहहरुमा विभिन्न क्रियाकलापहरु संचालन | | | १,००,०००.०० |
| ४ | अन्य कार्यालय संचालन खर्च(टोनर रिफिल, पेनड्राइभ, मल्टिप्लग लगायत) | | | २,००,०००.०० |
| ५ | अन्य भत्ता | | | ५,००,०००.०० |
| ६ | अन्य भाडा | | | ५,००,०००.०० |
| ७ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | | | १५,००,०००.०० |
| ८ | आर्थिक सहायता (प्राविधिक विद्यार्थी, रोगि,पिडित परिवार, लोकसेवा पास गर्ने विद्यार्थी ) | | | १०,००,०००.०० |
| ९ | इन्धन (कार्यालय प्रयोजन अन्य) | | | ३,००,०००.०० |
| १० | इन्धन (कार्यालय प्रयोजन) | | | ६,००,०००.०० |
| ११ | एम्बुलेन्स संचालन खर्च | | | १०,००,०००.०० |
| १२ | औषधी तथा सामग्री खरिद | | | २५,००,०००.०० |



Website: www.shailungmun.com.np
E-mail : ito.shailungmun@gmail.com

| | | | | |
|---|---|---|---|---|
| १३ | कर प्रवर्द्धन तथा जागरण/ जनचेतना मुलक कार्यक्रम | | | ५,००,०००.०० |
| १४ | कर्मचारी तालिम खर्च (पन्जिकरण, दर्ता चलानी तथा प्रमाण पत्र व्यवस्थापन प्रणाली, जिन्सी लगायत ) | | | १,५०,०००.०० |
| १५ | स्थानीय तहका कर्मचारीहरुलाई अवकाश कोष खर्च | | | २०,००,०००.०० |
| १६ | करार कर्मचारीहरुको नागरिक लगानी कोष खर्च | | | १५,००,०००.०० |
| १७ | कार्यक्रम खर्च(परिक्षा संचालन कक्षा ८ समेत) | | | ७,००,०००.०० |
| १८ | खेलकुद क्षेत्र प्रवर्द्धन कार्यक्रम | | | १५,००,०००.०० |
| १९ | खेलाडी तथा उत्कृष्ट नागरिक कार्यक्रम | | | ५,००,०००.०० |
| २० | गर्भवती महिलालाई अण्डा वितरण कार्यक्रम | | | ६,५०,०००.०० |
| २१ | गाउँसभा संचालन खर्च | | | ५,००,०००.०० |
| २२ | घरभाडा | | | ५,००,०००.०० |
| २३ | घरैमा गई सुत्केरी जाँच कार्यक्रम | | | १,००,०००.०० |
| २४ | ब्रुसर तथा स्मारिका प्रकाशन | | | १०,००,०००.०० |
| २५ | जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति प्रोत्साहन तथा पुरस्कार | | | ५,००,०००.०० |
| २६ | जेष्ठ /विपन्न नागरिक परिचयपत्र वितरण तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम एवं प्रत्यक वडामा जेष्ठ नागरिक स्वास्थ्य सिविर संचालन/न्यानो कपडा वितरण | | | १०,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २७ | जातीय छुवाछुत मुक्त अभियान संचालन | | | ५,००,०००.०० |
| २८ | स्थानीय भाषा लगायत स्थानीय पाठ्यक्रम विकास कार्यक्रम | | | ५,००,०००.०० |
| २९ | न्याय तथा मेलमिलाप सम्बन्धी खर्च | | | ५,००,०००.०० |
| ३० | निरन्तर विद्यार्थी मुल्यांकन / पाठ्यक्रम प्रवोधिकरण खर्च | | | १,००,०००.०० |
| ३१ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च(कार्यालय सम्बन्धी क्यालेन्डर, प्रगति पुस्तिका, कानून लगायत, नक्सा पास ) | | | १०,००,०००.०० |
| ३२ | जनप्रतिनिधि  सेवा सुविधा | | | १,००,००,०००.०० |
| ३३ | प्र.अ. बैठक संचालन खर्च | | | २,५०,०००.०० |
| ३४ | पर्यटन क्षेत्र  लगायत उपलब्धी प्रचार प्रसार कार्यक्रम | | | ५,००,०००.०० |
| ३५ | पानी तथा बिजुली | | | २,००,०००.०० |
| ३६ | पारिश्रमिक कर्मचारी (करार स्थायी सबै कर्मचारीको लागि) | | | ३,२०,००,०००.०० |
| ३७ | पोशाक | | | ६,००,०००.०० |
| ३८ | फलफुल तथा जडिबुटी विरुवा वितरण कार्यक्रम | | | ५,००,०००.०० |
| ३९ | बिमा तथा नवीकरण खर्च(सवारी साधन) | | | ४,००,०००.०० |
| ४० | भैपरी आउने विविध चालु खर्च | | | १०,००,०००.०० |
| ४१ | भ्रमण खर्च(कर्मचारी सरुवा खर्च) | | | २,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ४२ | भेला गोष्ठी कार्यक्रम | | | ५,००,०००.०० |
| ४३ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | १,००,०००.०० |
| ४४ | मसलन्द तथा कार्यालय सामाग्री | | | १५,००,०००.०० |
| ४५ | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई चार्डपर्व खर्च तथा कर्मचारी सुत्केरी पोषण खर्च | | | ८,५५,०००.०० |
| ४६ | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई मासिक बैठक खर्च (कर्मचारी सहित) | | | २,५०,०००.०० |
| ४७ | स्काउटको व्यवस्थापन | | | ६,००,०००.०० |
| ४८ | युवा/वालवालिका शसक्तिकरण कार्यक्रम | | | ५,००,०००.०० |
| ४९ | लक्षित वर्ग (महिला दलित जनजाति अपाङ्ग जेष्ठ नागरिक) कार्यक्रम | | | ४०,००,०००.०० |
| ५० | लघु उद्यम तथा उद्योग प्रवर्द्धन | | | ५,००,०००.०० |
| ५१ | वडा कार्यालय प्रशासनिक खर्च (अतिथि संस्कार खाना खाजा खर्च समेत) | | | ८,००,०००.०० |
| ५२ | विद्यार्थीको शारीरिक तथा बौद्धिक क्षमता विकासका लागि गाउँपालिका स्तरीय कार्यक्रम (खेलकुद, हाजिरीजवाफ श्रुतिलेखन लगायत अन्य ) ) | | | ५,००,०००.०० |
| ५३ | विद्यालय अनुगमन खर्च | | | २,००,०००.०० |
| ५४ | विद्यालय बा.वि.के का.स. लगायत कर्मचारी थप तलब | | | ७६,००,०००.०० |
| ५५ | विपत व्यवस्थापन (कोरोना सहित) | | | १,००,००,०००.०० |
| ५६ | विविध कार्यक्रम खर्च (महोत्साव भेटघाट अतिथि सम्मान लगायत अन्य कार्यक्रम) | | | १०,००,०००.०० |
| ५७ | विविध खर्च (खाजा) | | | १०,००,०००.०० |



Website: www.shailungmun.com.np
E-mail : ito.shailungmun@gmail.com

| | | | | |
|---|---|---|---|---|
| ५८ | विविध खर्च (भैपरी आउने खर्च) | | | ५,००,०००.०० |
| ५९ | दुर्गा मा.वि. प्राविधिक शिक्षालय निशर्त अनुदान | | | १५,००,०००.०० |
| ६० | शान्ति सुरक्षा प्रवर्द्धन | | | ५,००,०००.०० |
| ६१ | शारदा मा.वि. प्राविधिक शिक्षालय निशर्त अनुदान | | | १५,००,०००.०० |
| ६२ | पशुपति चौलागाईं शिक्षक सीप विकास तालिम कार्यक्रम | | | १०,००,०००.०० |
| ६३ | सकारात्मक काम तथा उपलब्धिको प्रचार प्रसार(छपाई, अडियो, भिडियो समेत ) | | | ५,००,०००.०० |
| ६४ | सूचना प्रणाली तथा सफ्टवेयर नवीकरण | | | २,००,०००.०० |
| ६५ | संचार महसुल | | | १०,००,०००.०० |
| ६६ | प्रधानमन्त्री रोजगार कार्यक्रम समपुरक | | | ५,००,०००.०० |
